# महाकाली नगरपालिकाको नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०८०

स्वीकृत मितिः- २०८०/०१/११

प्रमाणिकरण मितिः- २०८०/०३/२०

२०८०।३।२०

प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

CamScanner

प्रस्तावना:

स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनका लागि महाकाली नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कक्षागत तथा विषयगत आधारमा शिक्षक अभावका कारण विद्यालयको नियमित अध्ययन अध्यापनमा उत्पन्न हुने कठिनाइलाई न्युनीकरण गरी नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि नगर शिक्षक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र महाकाली नगरपालिकाको नगर शिक्षा ऐन, २०७९ (संशोधन सहित) को दफा ७० (१) ले दिएको अधिकार प्रयोग गरी महाकाली नगरपालिका नगर कार्यपालिकाको मिति २०८०।०१।११ को बैठकले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद एक

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम "महाकाली नगरपालिकाको नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यपालिका" भन्नाले महाकाली नगरपालिका दार्चुलाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ख)"कार्यालय" भन्नाले महाकाली नगरपालिका दार्चुलाको कार्यालय सम्झनुपर्छ ।

(ग) "दरबन्दी" भन्नाले संघीय ससर्त अनुदानबाट तलब वा पारिश्रमिक उपलब्ध हुने गरी विद्यालयमा रहेको स्वीकृत दरबन्दी, राहत दरबन्दी, अनुदान कोटा समेतलाई सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले महाकाली नगरपालिका दार्चुलालाई सम्झनुपर्छ ।

(ङ) "नगर शिक्षक" भन्नाले यसै कार्यविधि बमोजिम नगर अनुदानबाट निर्वाह भत्ता पाउने गरी नियुक्त गरेको नगर शिक्षक सम्झनुपर्छ ।

(च) "नगर शिक्षा समिति" भन्नाले नगर शिक्षा ऐन २०७९ (संशोधन सहित) बमोजिम गठन भएको नगर शिक्षा समिति सम्झनु पर्दछ ।



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महाकाली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सो काम गर्न तोकेको अधिकृत कर्मचारी सम्झनुपर्छ ।

(ज) "शाखा" भन्नाले महाकाली नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(झ) "विद्यालय" भन्नाले महाकाली नगरपालिका क्षेत्रभित्र सञ्चालित भई स्वीकृत वा अनुमति प्राप्त सामुदायिक विद्यालय सम्झनुपर्छ ।

## परिच्छेद दुई

## विद्यालय छनौट, कोटा निर्धारण तथा वितरण सम्बन्धी व्यवस्था

३. विद्यालय छनौटका आधारहरु: नगर शिक्षकको कोटा वितरणका लागि विद्यालय छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्:-

(क) पछिल्लो पटक अनुमति लिएको कक्षामा कम्तिमा दुई शैक्षिक सत्रको पढाई भएको हुनुपर्ने ।

(ख) प्रति कक्षा तीस जना विद्यार्थी भर्ना भई अध्ययन गरिरहेको हुनुपर्ने ।

(ग) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन भएको हुनुपर्ने ।

(घ) नियमित रुपमा सामाजिक परीक्षण र लेखापरीक्षण भएको हुनुपर्ने ।

(ङ) विद्यालय सुधार योजना अद्यावधिक गरेको हुनुपर्ने ।

(च) विद्यालयको वार्षिक कार्ययोजना तयार भएको हुनुपर्ने ।

(छ) विद्यालयले नियमित रुपमा एकीकृत शैक्षिक तथ्याङ्क (IEMIS) अद्यावधिक गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको वेबपेज (webpage) मा अपलोड गरेको हुनुपर्ने ।

(ज) कोटा वितरण गरिने तहमा शुन्य दरबन्दी रहेको वा एक मात्र दरबन्दी रहेको वा सम्बन्धित तहको शिक्षक विद्यार्थी अनुपात देहाय भन्दा बढी भएको हुनुपर्ने

क) आधारभूत तहको कक्षा १-५ शिक्षक विद्यार्थी अनुपात ३५ जना

ख) आधारभूत तहको कक्षा ६-८ शिक्षक विद्यार्थी अनुपात ३० जना

ग) माध्यमिक तहको कक्षा ९-१० मा शिक्षक विद्यार्थी अनुपात २५ जना



प्रमुख प्रशासकीय अधिकृत

घ) माथिका बुँदाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि भौगोलिक विकटता तथा संचालित कक्षा समेतलाई आधार मानी न्यूनतम दरबन्दी व्यवस्थापन गर्न नगर शिक्षक अनुदान दिन सकिनेछ ।

४. नगर शिक्षकको कोटा निर्धारण गर्नु पर्ने : (१) विद्यालयगत रुपमा रहने नगर शिक्षकको कोटा निर्धारणका लागि तपसिल बमोजिमको एक नगर शिक्षकको कोटा निर्धारण सिफारिस समिति रहनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) शाखा प्रमुख — सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(घ) नगर क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयमा कार्यरत आधारभूत र माध्यमिक तहका प्रधानाध्यापकहरुमध्येबाट नगर शिक्षा समितिले तोकेको कम्तिमा एकजना महिला सहित दुई जना — सदस्य

(ङ) नगर शिक्षा समितिले तोकेको नगर शिक्षा समितिको सदस्य एक जना — सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखाको अधिकृत कर्मचारी — सदस्य सचिव

(२) नगर शिक्षकको कोटा निर्धारणका लागि सिफारिस गर्दा उपदफा (१) बमोजिमको समितिले देहायका प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(क) कोटा वितरणका लागि विद्यालयहरूले दफा ३ बमोजिमका आधारहरु पुरा गरेको वा नगरेको सम्बन्धमा शाखाबाट सूचना लिने,

(ख) शाखाका सम्बन्धित विद्यालय हेर्ने अधिकृत कर्मचारीहरुबाट विद्यालयको अनुगमन गराई आवश्यक सूचना सङ्कलन गर्ने,

(ग) नगरपालिकाले कोटा निर्धारण गरी दरबन्दी व्यवस्थापन गरे पश्चात् कुनै विद्यालयमा थप दरबन्दी आवश्यक भएमा विद्यालयले औचित्य खोली नगरपालिकाबाट थप शिक्षक व्यवस्थापनका लागि माग गर्न सक्नेछ। त्यस्तो माग उपर नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यकता अनुसार निर्णय गर्न सक्नेछ।

(३) नगर शिक्षकको कोटा निर्धारणका लागि उपदफा (१) बमोजिमको समितिले गरेको सिफारिसका आधारमा कार्यपालिकाले विद्यालयगत रुपमा तह र विषय खुलाई कोटा निर्धारण गरी वितरण



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गर्नेछ। तर त्यसरी कोटा निर्धारण गरी वितरण गर्नु पूर्व नगर शिक्षा समितिमा छलफल गरी नगर शिक्षा समितिको राय समेत कार्यपालिकामा पेश भएको हुनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले नगर शिक्षकको कोटा निर्धारण गर्दा यस अघि विद्यालयले तोकिए बमोजिमको प्रकृया पूरा गरी प्रचलित कानून बमोजिम योग्यता पुरा गरी नियुक्ती प्राप्त गरी यो कार्यविधि लागू हुँदाका बखतसम्म अविछिन्न रुपमा कार्यरत, नगरपालिकाको अनुदानब्राट तलब भत्ता खाने सहजकर्ता शिक्षकको संख्यालाई समेत आधार लिई निजहरु समेत गणना हुने गरी कोटा निर्धारण गर्नु पर्नेछ ।

## परिच्छेद तीन

## नगर शिक्षकको विज्ञापन तथा पदपूर्ति सम्बन्धी व्यवस्था

५. नगर शिक्षकको पदपूर्तिका लागि विज्ञापन गर्नु पर्ने : (१) कार्यपालिकाबाट विद्यालयगत रुपमा तह र विषय खुलाई नगर शिक्षक कोटा निर्धारण भए पश्चात् उक्त कोटामा आन्तरिक र खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ती गरिनेछ।

(२) कार्यपालिकाबाट विद्यालयगत रुपमा तह र विषय खुलाई नगर शिक्षक कोटा निर्धारण भए पश्चात् उक्त कोटामा शिक्षक पदपूर्तिका लागि आन्तरिकको हकमा न्यूनतम सात दिनको र खुला प्रतियोगितात्मक परीक्षाको हकमा न्यूनतम १५ दिनको अवधि तोकी कार्यालयको वेबसाइट तथा स्थानीय सञ्चार माध्यम मार्फत सार्वजनिक रुपमा विज्ञापन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रकाशन हुने विज्ञापनमा देहायका व्यक्तिहरूले दरखास्त दिन सक्नेछन्:

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुगेको,

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बर्खास्त नभएको

(च) शिक्षक सेवा आयोगले तोकेको न्यूनतम शैक्षिक योग्यता र तालिम भएको,



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(छ) अध्यापन अनुमति पत्र प्राप्त गरेको, (अंग्रेजी, गणित, विज्ञान र लेखा विषयको लागि विज्ञापन गर्दा अध्यापन अनुमति पत्र भएका उम्मेदवारको दरखास्त नपरेमा अध्यापन अनुमति पत्र नभएका तर न्यूनतम योग्यता पुगेका उम्मेदवारले दोस्रो चरणको खूला विज्ञापनमा दरखास्त पेश गर्न सक्ने)

(ज) ४० वर्ष ननाघेको ।

६. पाठ्यक्रम, परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रक्रिया : दफा ५ बमोजिम प्रकाशित विज्ञापन अन्तर्गतिका कोटामा शिक्षक पदपूर्तिका लागि लिइने खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रणाली शिक्षक सेवा आयोगले अवलम्बन गरे बमोजिम हुनेछ ।

७. नगर शिक्षक कोटामा पहिलो पटक शिक्षक पदपूर्ति सम्बन्धी विशेष व्यवस्था : (१) यो कार्यविधि प्रारम्भ भएपछि हुने आन्तरिक प्रतियोगितात्मक परीक्षामा महाकाली नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा यस पूर्व विद्यालयको आन्तरिक स्रोतबाट पारिश्रमिक पाउने गरी निजी स्रोतमा नियुक्त शिक्षक तथा नगरपालिकाको अनुदानबाट पारिश्रमिक पाउने गरी नियुक्त शैक्षिक गुणस्तर सुधार सहजकर्ता शिक्षकको रुपमा नियुक्त भई यो कार्यविधि प्रारम्भ हुँदाका बखतसम्म निरन्तर रुपमा कार्यरत शिक्षक मात्र उम्मेदवार हुन पाउनेछन्।

(२) आन्तरिक स्रोतबाट पारिश्रमिक पाउने गरी विद्यालयको निजी स्रोत शिक्षकका रुपमा नियुक्त गरी हालसम्म अविछिन्न रुपमा कार्यरत अध्यापन अनुमति पत्र सहित तोकिएको शैक्षिक योग्यता भएका निजी स्रोत शिक्षकहरू तथा नगरपालिकाको अनुदानबाट नियुक्त सहजकर्ता शिक्षकहरुलाई पहिलो एक पटकका लागि उमेर हदको व्यवस्था लाग्ने छैन।

(३) यस पूर्व आन्तरिक स्रोतबाट पारिश्रमिक पाउने गरी विद्यालयको निजी स्रोत वा नगरपालिका स्रोतबाट पारिश्रमिक पाउने गरी नियुक्त शिक्षक महाकाली नगरपालिका भित्रको जुनसुकै सामुदायिक विद्यालय, तह वा विषयमा कार्यरत भए तापनी प्रचलित कानून बमोजिम न्यूनतम योग्यता पुगेको भए ईच्छाइएको तह वा विषयमा उम्मेदवार हुन पाउनेछन्।

(४) उपदफा १ बमोजिम हुने आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट तोकिए बमोजिमको पदपूर्ती हुन नसकेको खण्डमा दोस्रो चरणमा खुला प्रतियोगिताद्वारा पदपूर्ती गर्नका लागि विज्ञापन गरिनेछ। यसरी खुला विज्ञापन गर्दा समेत उपदफा २ बमोजिमका उम्मेदवारहरुलाई एक पटकका लागि उमेर हदको व्यवस्था लागू हुने छैन।



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(५) उपदफा (१) बमोजिम अन्तर्वार्तामा सहभागी हुने परीक्षार्थीहरुलाई निजहरुको सेवा अवधिका हिसाबले एक शैक्षिक सत्रको ०.५ अङ्कका दरले बढीमा ५ अङ्क अनुभव बापत प्रदान गरिनेछ।

(६) खुला प्रतियोगितात्मक परीक्षाबाट पदपूर्ती गर्दा पनि पहिलो पटकका लागि उपदफा (५) बमोजिम अनुभव बापतको अङ्क पाउने व्यवस्था यथावत रहनेछ।

(७) अनुभव बापतको अङ्क प्रदान गर्दा प्रति शैक्षिक सत्र ०.५ अङ्क दामासाहीले प्रदान गरिनेछ।

(८) अनुभव बापतको अङ्क प्रदान गर्दा निजहरु जुनसुकै तहमा कार्यरत भए पनि सबै तहका लागि अङ्क गणना गरिनेछ।

(९) अनुभव बापतको अङ्क दाबी गर्ने उम्मेदवारले निजको सुरु नियुक्ति पत्रको प्रतिलिपी, सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निजलाइ शिक्षक पदमा नियुक्त गर्ने निर्णयको प्रमाणित प्रतिलिपी र सम्बन्धित विद्यालयबाट सेवा अविच्छिन्नताको पत्र अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ।

(१०) यस कार्यविधि बमोजिम खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन गर्दा सम्वन्धित तह र विषयको शिक्षक सेवा आयोगको करार सूचीमा सूचीकृत उम्मेदवारले दरखास्त पेश गरेमा निजलाई स्वतः नियुक्त गरी बाँकी सिटमा मात्रै कार्यरत तथा नयाँ उम्मेदवारहरु बीच प्रतिस्पर्धा गराइनेछ।

८. नगर शिक्षक छनौट समितिको व्यवस्था : (१) यस कार्यविधि बमोजिम कार्यपालिकाबाट निर्धारण भई विद्यालय तथा विषयगत रुपमा वितरण भएको नगर शिक्षक कोटामा पहिलो पटकका लागि नगर शिक्षकको पदपूर्ति देहायको नगर शिक्षक छनौट समितिले गर्नेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी — संयोजक

(ख) नगरपालिकाको अधिकृत कर्मचारी मध्येबाट शिक्षा समितिले तोकेको १ जना — सदस्य

(ग) शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख — सदस्य

(घ) शाखाको कर्मचारी मध्ये प्रमुख प्रशासकीयले तोकेको कर्मचारी — सदस्य सचिव

(२) शिक्षक छनोट परीक्षा संचालनका लागि शिक्षक छनोट समितिले तहगत र विषयगत आवश्यकताका आधारमा आवश्यकता अनुसारको संख्यामा शिक्षा विकास तथा समन्वइ इकाई,



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

दार्चुला वा महाकाली नगरपालिकाको विज्ञ सूचीमा सूचीकृत विषयगत विशेषज्ञहरुलाई बैठकमा आमन्त्रण गरी प्रश्नपत्र निर्माण, परीक्षा संचालन, अङ्कन तथा नतिजा प्रकाशन कार्य गर्नेछ ।

(३) नगर शिक्षक छनौट समितिका पदाधिकारी र आमन्त्रित सदस्यहरुले अर्थ मन्त्रालयको स्वीकृत बैठक भत्ताको दर बमोजिम बैठक भत्ता पाउनेछन् ।

(४) समितिको कार्य सञ्चालन तथा बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) यस कार्यविधि बमोजिम नियुक्त शिक्षक पद कुनै कारणले रिक्त हुन गएमा वा दोस्रो पटक नगर कार्यपालिकाबाट दरबन्दी थप भएमा नगर शिक्षक छनोटको कार्य नगर शिक्षा ऐन २०७९ (संसोधन सहित) को दफा ३५ (ख) बमोजिमको समितिले गर्नेछ र उक्त पदपूर्ति कार्य प्रचलित ऐन कानून अनुसार हुनेछ।

९. नगर शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार : नगर शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयहरूका लागि कार्यपालिकाले निर्धारण गरी वितरण भएको कोटामा नगर शिक्षक करारमा नियुक्ति गर्न प्रतियोगितात्मक परीक्षा सञ्चालनको लागि विज्ञापन प्रकाशन गर्ने,

(ख) नगर शिक्षक छनौटका लागि लिखित परीक्षा र अन्तर्वार्ता सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ग) लिखित परीक्षामा सफल भई अन्तर्वार्ता परीक्षामा सहभागी भएका उम्मेदवारहरुले प्राप्त गरेको कूल प्राप्ताङ्कका आधारमा उम्मेदवार छनौट गरी वरियताक्रम बमोजिम कोटा रहेको विद्यालयमा नियुक्तीका लागि सिफारिस गर्ने ।

(घ) उपदफा (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनी आन्तरिक प्रतियोगितात्मक परीक्षाको हकमा कार्यरत उम्मेदवार सफल भई सिफारिस भएमा निजको विषय र तह मिलेमा सम्भव भएसम्म कार्यरत विद्यालयमा नै पदस्थापन गरिनेछ।

## परिच्छेद चार

## नगर शिक्षकको सेवा, शर्त, सुविधा र सजाय सम्बन्धी व्यवस्था

१०. नगर शिक्षकको पारिश्रमिक तथा अन्य सुविधा : (१) नगर शिक्षकको मासिक पारिश्रमिक अनुदान, चाडपर्व खर्च, पोशाक तथा अन्य सुविधा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(२) नगर शिक्षकको मासिक पारिश्रमिक अनुदान विद्यालयबाट पेश हुने माग फाराम तथा हाजिरीका आधारमा त्रैमासिक रुपमा, चाडपर्व खर्च प्रथम त्रैमासिक अवधिमा र पोशाक वापतको रकम तेस्रो त्रैमासिक अवधिमा सम्बन्धित विद्यालयको खातामा निकासा गरिनेछ । सम्बन्धित विद्यालयले सम्बन्धित शिक्षकको बैंक खातामार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

११. नगर शिक्षकको काज तथा विदा : (१) नगर शिक्षकले पाउने विदा र विदा स्वीकृति सम्बन्धी प्रक्रिया नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षक सरह हुनेछ । तर, नगर शिक्षकले वेतलबी विदा, असाधारण विदा र अध्ययन विदा पाउने छैन ।

(२) नगर शिक्षकले पाउने बिरामी बिदा आवश्यकतानुसार प्रयोग गर्न पाउने गरी संचित गर्न पाउनेछ तर सो बापत आर्थिक लाभ दाबी गर्न पाउने छैन।

१२. नगर शिक्षकले पालना गर्नु पर्ने आचारसंहिता : नगर शिक्षकले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ :-

(क) विद्यालयसँग भएको करार सम्झौता अनुरूपको कार्य इमान्दारीपूर्वक सम्पन्न गर्ने,

(ख) निर्धारित समयमा नियमित रूपले विद्यालयमा आएको र गएको समय जनाई हाजिरी गर्ने,

(ग) विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(घ) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,

(ङ) नगरपालिकाको नीति तथा कानून प्रतिकूल हुने कुनै कार्य नगर्ने,

(च) कुनै पनि राजनीतिक दलको गतिविधिमा संलग्न नहुने,

(छ) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचारी व्यवहार अवलम्बन गर्ने,

(ज) महाकाली नगरपालिकाको नगर शिक्षा ऐन, २०७९, सम्बन्धित निकायका ऐन कानून, नीति नियम तथा निर्देशन अनुसार कार्य सम्पादन गर्ने।

१३. नगर शिक्षकलाई हुन सक्ने सजाय : (१) उचित र पर्याप्त कारण भएमा नगर शिक्षकलाई देहायको सजाय हुन सक्नेछ :-

(क) नसिहत दिने,

(ख) बढीमा एक त्रैमासिक अवधिको निर्वाह भत्ता रोक्का गर्ने,



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ग) भविष्यमा नगर शिक्षकको नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(घ) भविष्यमा नगर शिक्षकको नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने,

(२) विधालय आउने जाने समय पालना नगरेमा नगर शिक्षकलाई नसिहत दिन सकिनेछ ।

(३) अनुशासनहीन काम गरेमा, बराबर विद्यालयको समय पालना नगरेमा, आचरणसम्बन्धी नियम उल्लङ्घन गरेमा नगर शिक्षकलाई बढीमा एक त्रैमासिक अवधिको पारिश्रमिक रोक्का गरिनेछ ।

(४) पदीय दायित्व पुरा नगरेमा, विना सूचना पन्ध्र दिनभन्दा बढी अवधि विद्यालयमा अनुपस्थित रहेमा, विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा, विद्यालय समयमा अन्यत्र अध्यापन गरेमा वा कुनै व्यावसायिक क्रियाकलापमा सहभागी भएमा, राजनैतिक दलको सदस्यता लिएर वा नलिएर राजनैतिक दलको क्रियाकलापमा संलग्न रहेको पाइएमा भविष्यमा नगर शिक्षकको नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

(५) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा, भ्रष्टाचार गरेमा, भविष्यमा नगर शिक्षकको नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सकिनेछ ।

(६) नगर शिक्षकलाई नसिहत दिने र बढीमा एक त्रैमासिक निर्वाह भत्ता रोक्का गर्ने सजाय विद्यालय व्यवस्थापन समिति तथा भविष्यमा नगर शिक्षकको नोकरीको निमित्त अयोग्य नठहरिने र ठहरिने गरी सेवाबाट हटाउने सजाय नगर शिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने छ ।

(७) नगर शिक्षकलाई कारवाही गर्नु पूर्व निजलाई सफाइको मौका प्रदान गर्नुपर्नेछ।

(८) कुनै नगर शिक्षक कारवाहीमा परेमा विद्यालय व्यवस्थापन समितिले गरेको निर्णय उपर नगर शिक्षा समिति र नगर शिक्षा समितिले गरेको निर्णय उपर नगर कार्यपालिकामा पुनरावलोकनका लागि निवेदन गर्न सक्नेछ।

## परिच्छेद चार

## शिक्षण सहयोग अनुदान सम्बन्धी व्यवस्था

१४. शिक्षण सहयोग अनुदान उपलब्ध गराउन सकिने : (१) यस कार्यविधि बमोजिम नगर शिक्षकको कोटा निर्धारण भई नियुक्त भएका नगर शिक्षकहरुलाई निर्वाह भत्ताको लागि नगरपालिकाको वार्षिक



प्रमुख प्रशासकीय अधिकृत

बजेटबाट शिक्षण सहयोग अनुदान उपलब्ध गराइनेछ। उक्त अनुदान रकम सम्बन्धित विद्यालयको बैंक खाता मार्फत त्रैमासिक रुपमा निकासा गरिनेछ।

(२) नगर शिक्षक नियुक्त गरी काम काजमा लगाएको विद्यालयले नगर शिक्षकको निर्वाह भत्ता कुनै कारण भुक्तानी नभएमा उक्त रकम विद्यालयले नगरपालिकाको संचित कोष खातामा फिर्ता गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकमको अङ्क नगरपालिकाको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा विनियोजन भए बमोजिम हुनेछ ।

१५. **शिक्षण सहयोग अनुदानका रुपमा थप पारिश्रमिक रकम वितरण गर्ने प्रक्रिया :** (१) दफा १४ अनुसार विनियोजन भएको शिक्षण सहयोग अनुदानको अतिरिक्त थप पारिश्रमिक रकम उपलब्ध गराउन आवश्यक भएमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरी सम्बन्धित विद्यालयहरूको बैंक खाता मार्फत उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद पाँच

## विविध

१६. **दरबन्दी मिलान, पदस्थापना र सरुवा :** (१) नगरपालिकाले आधारभूत तह कक्षा एक देखि कक्षा पाँच सम्म शिक्षक विद्यार्थी अनुपात र आधारभूत तह कक्षा छ देखि आठ तथा माध्यमिक तह कक्षा नौ देखि बाह्रसम्मको शिक्षक दरबन्दी मिलान गर्दा यस कार्यविधि बमोजिम नियुक्त गरिएका नगर शिक्षकहरूको संख्यालाई समेत आधार लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरबन्दी मिलानबाट कुनै विद्यालयमा नगर शिक्षकको कोटा कट्टी भई अर्को विद्यालयमा थप हुन गएमा उक्त कोटामा कार्यरत शिक्षक थप हुने विद्यालयमा स्वतः पदस्थापना भएको मानिनेछ ।

(३) नगर शिक्षकहरूलाई नगरपालिकाको एउटा सामुदायिक विद्यालयको नगर शिक्षक कोटांबाट अर्को सामुदायिक विद्यालयको नगर शिक्षक कोटामा नगर शिक्षा समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्नेछ ।

१७. **सेवा अवधिः** (१) यस कार्यविधि बमोजिम नियुक्त शिक्षकहरुको ठाउँमा भविष्यमा सम्बन्धित निकायबाट स्थायी पदपूर्ति भएमा स्वतः अवकास हुनेछ।



प्रमुख प्रशासकीय अधिकृत

(२) भविष्यमा विद्यार्थी संख्या र शिक्षक आवश्यकताको औचित्य समेत हेरी नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले जुनसुकै बखत नगर शिक्षक कोटा खारेज गर्न सक्नेछ।

१८. बचाउ र लागू हुने: (१) यो कार्यविधि जारी हुनु भन्दा पहिलेका आर्थिक वर्षहरूमा नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट मार्फत विनियोजन भई शिक्षण सहजकर्ता शिक्षकहरूका लागि विद्यालयहरूमा निकासा गरिएको पारिश्रमिक वा थप पारिश्रमिक वापतको रकम यसै कार्यविधि बमोजिम निकासा भएको मानिनेछ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएको विषयमा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१९. बाधा अड्काउ फुकाउने अधिकार: यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ हटाउन नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधिमा व्यवस्था भए सरह मानिनेछ ।

२०. संशोधन सम्बन्धी व्यवस्था: यस कार्यविधिमा संशोधन थपघट गर्न वाञ्छनीय भएमा कार्यपालिकाबाट संशोधन गर्न सकिनेछ।

२१. खारेजी: विद्यालय गुणस्तर सुधार सहजकर्ता सम्बन्धी मापदण्ड, २०७५ खारेज गरिएको छ

महाकाली नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ (पहिलो संशोधन, २०७६) को नियम (४) बमोजिम प्रमाणिकरण गरिन्छ ।

२०८०।३।२०

प्रमुख प्रशासकीय अधिकृत